# पाडी/बाच्छी हुर्काउन प्रोत्साहन सम्वन्धि कार्यक्रम संचालन नर्मस, २०७६

मिति २०७६/१०/१७ गतेको माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गण्डकी प्रदेश

# पाडी/बाच्छी हुर्काउन प्रोत्साहन सम्वन्धि कार्यक्रम संचालन नर्मस,२०७६

१. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र (कार्यालय) ले वर्ष भरी नै निवेदन पेश गर्न सक्ने गरी हरेक आर्थिक वर्षको श्रावण महिनामा राष्ट्रिय दैनिक पत्रिका, कार्यालयको सुचना पाटी आदिमा पाडी/बाच्छी हुर्काउन प्रोत्साहन सम्वन्धि कार्यक्रमको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

२. कार्यालयले आफ्नो कार्यक्षेत्रको डेरी पकेट क्षेत्र र स्वीकृत वार्षिक कार्यक्रम बजेटलाई मध्यनजर गर्दै प्रत्येक आर्थिक वर्षमा कार्यक्रम संचालन हुने क्षेत्र तोक्न सक्नेछ।

३. आफूले नै पालन गरिरहेका गाईभैंसीमा कृत्रिम गर्भाधान गरी जन्मेका पाडी/बाच्छी हुर्काईरहेका कृषकहरुले मात्र कार्यक्रममा सहभागी हुन सक्ने छन।

४. निवेदकले निवेदनका साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

- निवेदकको नेपाली नागरिकताको प्रतिलिपि
- कृत्रिम गर्भाधानबाट जन्मेको प्रमाण (कृत्रिम गर्भाधान गरेको विवरण खुल्ने कागजात)
- कम्तीमा १ वर्ष उमेरको कोरली पाडी/बाच्छी भएको भनि प्राविधिकले दिएको सिफारिस पत्र
- ट्याग देखिने गरी खिचिएको फोटो
- सम्वन्धित स्थानिय तहको पशु सेवा शाखाको सिफारिस पत्र

५. कार्यालयको प्रमुखले तीन सदस्यीय छनौट समिति गठन गरी निवेदक मध्यवाट प्रोत्साहन वापतको रकम उपलब्ध गराउने कृषक छनौट गर्नु पर्नेछ ।पेश भएको कागजातहरु र स्थलगत अनुगमनको आधारमा कृषक छनौट गर्न सकिनेछ।

६. समितिको बैठक प्रत्येक चौमासिकमा कम्तिमा एक पटक वस्न सक्नेछ।

७. एक पटक पाडी/बाच्छी पालनका लागि प्रोत्साहन वापत रकम प्राप्त गरिसकेको कृषकलाई ३ वर्ष सम्म सोही कार्यको लागी प्रोत्साहन वापत रकम उपलब्ध गराउन पाईने छैन।

८. प्रोत्साहन वापतको रकम दिने निर्णय गरेका कृषकहरुलाई कार्यालयले प्रति पाडी वा प्रति बाच्छी वापत रु. १०,००० उपलब्ध गराउनु पर्नेछ।

९. प्रोत्साहन वापतको रकम एक घरपरिवारको लागि अधिकतम रु. ५०,००० हुनेछ।

१०. प्रोत्साहन वापतको रकममा नियमानुसार कर कट्टी गरी भुक्तान गर्नु पर्नेछ।

सचिव